# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्याः२०८०।०८१
चलानी नं.: ३०१८

मितिः२०८०।११।२३

**विषयः निर्णय प्रतिलिपि पठाइएको सम्बन्धमा।**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
नगरपालिका व्यवस्था शाखा, सिंहदरवार, काठमाण्डौ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक।
श्रीमान् प्रमुखज्यू/श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका।
श्री वडा अध्यक्षज्यूहरू (सबै), बनेपा नगरपालिका।
श्री कार्यपालिका सदस्यज्यूहरू (सबै), बनेपा नगरपालिका।
श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका।
बनेपा नगरपालिका।
श्री ................................ शाखा
बनेपा नगर कार्यपालिकाको कार्यालय।

उपर्युक्त सम्बन्धमा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८० फागुन १७ गते बसेको कार्यपालिका बैठकको निर्णय प्रतिलिपि यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

**कार्यार्थ**
श्री सूचना प्रविधि अधिकृत
बनेपा नगरपालिका।
- वेभसाइटमा राखी सम्बन्धित शाखा तथा वडामा मेल समेत गर्ने।

..............................
भोला प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. प्रमुख ०११-६६२०८१, एक्सचेन्ज ०११-६६१२८१, कार्यालय ०११-६६१४०७, पो.ब.नं. ५०८, Email:banepamun@gmail.com, info@banepamun.gov.np

बैठक संख्या : ३९

आज मिति २०८० साल फागुन १७ गते बिहिबार दिनको २:०० बजे देहायका विषयहरुमा छलफल गर्न नगर प्रमुख श्री शान्तिरत्न शाक्यको अध्यक्षतामा निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरु गरेको छ ।

-:: उपस्थिति ::-

| क.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | का.वा. सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रबहादुर खड्का | उपस्थित |
| १३ | का.वा. सदस्य (वडा नं. ११) | श्री प्रतापकुमार तामाङ | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | अनुपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) | श्री भोला प्रसाद चापागाईं | उपस्थित |
| २६ | प्रशासकीय अधिकृत | श्री ध्रुवराज नेपाल | उपस्थित |

छलफलका विषयहरु:

१. बनेपा नगरपालिकाको स्थापना दिवसको तयारी सम्बन्धमा,

(क) उपसमितिहरु गठन

(ख) स्मारिका प्रकाशन तयारी

(ग) पदक तथा सम्मान सम्बन्धमा

२. योजना सम्बन्धमा,

(क) विभिन्न योजनाहरुको म्याद थप सम्बन्धमा,

(ख) हिमालय मावि पश्चिमको वालमा भएको क्षति रोकथाम माग सम्बन्धमा

३. राष्ट्रिय भूमि आयोजको पत्रनुसार सहजिकरण समिति गठन सम्बन्धमा,

४. जग्गा विकास तथा हाउजिङ्ग प्लानिङ सम्बन्धी निर्देशिका संसोधन सम्बन्धमा,

५. आगामी वर्षालाई मध्यनजर गरी खोला सुधार सम्बन्धमा,

६. नगरपालिकाबाट प्रदान हुने सिफारिसहरुको काउन्सल प्रमाणिकरण सम्बन्धमा,

७. घ वर्गको इजाजत पत्र प्रदान सम्बन्धमा,

८. माटो कटान तथा निकासी सम्बन्धमा,

९. काभ्रे जिल्ला खेलकुद विकास समितिबाट सहयोग माग सम्बन्धमा,

१०. जीवन विज्ञान परिषद काभ्रेबाट सञ्चालन हुने कार्यक्रमका लागि सहयोगम माग सम्बन्धमा,

११. विविध ।

-::निर्णय::-

| नि. नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| १. | गत बैठकको निर्णय समीक्षा सम्बन्धमा | बनेपा नगरपालिका, नगर कार्यपालिकाको गत बैठकमा भएको बैठकको कार्य प्रगतिका सम्बन्धमा समीक्षा गरियो । |
| २. | बनेपा नगरपालिकाको स्थापना दिवस तयारी सम्बन्धमा | बनेपा नगरपालिकाको त्रिचालीसौं स्थापना दिवस यही २०८० साल चैत्र १४ गतेका दिन भव्यताका साथ सम्पन्न गर्न देहाय बमोजिम समिति गठन गर्ने निर्णय गरियो ।<br>क) स्थापना दिवस आयोजक मूल समारोह समितिः बनेपा नगरपालिकाका नगर प्रमुख श्री शान्तिरत्न शाक्यको अध्यक्षतामा बनेपा नगरपालिकाका उपप्रमुख, चौधै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्य सम्मिलित रहेको **"बनेपा नगरपालिकाको त्रिचालीसौं स्थापना दिवस आयोजक मूल समारोह समिति"** गठन गर्ने र मूल समारोह समितिको सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत श्री भोलाप्रसाद चापागाई रहने ।<br>(ख) मूल समारोह समिति अन्तर्गत रहेर स्थापना दिवस सम्बन्धी तपसिल बमोजिमका कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमका उपसमिति गठन गर्ने ।<br>१) रचनात्मक क्रियाकलाप तथा सांस्कृतिक कार्यक्रम व्यवस्थापन उपसमिति र कार्यक्षेत्रः<br>संयोजक श्री बलराम अधिकारी, वडाध्यक्ष, बनेपा ५ |

| नि. नं. | छलफलका विषय | निर्णय |
| --- | --- | --- |
| | | सदस्य श्री प्रेमकाजी श्रेष्ठ, वडा सदस्य, बनेपा ४<br>सदस्य श्री रामेश्वरी मानन्धर, वडा सदस्य, बनेपा ७<br>सदस्य श्री मन मिजार, वडा सदस्य, बनेपा १०<br>सदस्य श्री राजाराम दुवाल, वडा सदस्य, बनेपा १३<br>सदस्य सचिव श्री मोहन श्रेष्ठ, सामुदायिक विकास अधिकृत, बनेपा नगरपालिका<br>उल्लेखित समितिले आवश्यकता अनुसार अन्य सदस्य तथा कर्मचारीलाई समितिको सदस्यमा थप गर्न सक्नेछ ।<br>समितिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ ।<br>१. त्रिचालीसौं स्थापना दिवसका अवसरमा सहभागि हुने झाँकी तथा सांस्कृतिक समूहहरुको अभिलेखिकरण गरी आवश्यक पत्राचार सहितको पूर्वतयारी गर्ने,<br>२. समारोहमा सरिकहुने हरेक सांस्कृतिक समूह र प्रदर्शन हुने कार्यक्रमको विवरण तयार गर्ने,<br>३. समारोहका सरिकहुने विद्यालय र विद्यार्थी संख्याको एकिन गर्ने,<br>४. समारोहमा पुरस्कार प्रदान गर्न सकिने गरी विभिन्न विद्यालयहरुमा हाजिरी जवाफ, निबन्ध प्रतियोगिता वा अन्य सिर्जनात्मक क्रियाकलाप गर्न लगाई सो को विवरण अध्यावधिक गर्ने,<br>५. समारोहमा सहभागि हुने सांस्कृतिक समूह, झाँकी तथा विद्यालयका विद्यार्थीहरु कार्यक्रम स्थलमा रहने स्थान र नगरपरिक्रमा क्रम निर्धारण गर्न र्‍याली व्यवस्थापन समितिलाई सहयोग गर्ने,<br>६. समारोह स्थलमा प्रदर्शन गरिने सांस्कृतिक कार्यक्रमको खाका तयार गरी सोही अनुसार प्रदर्शनको व्यवस्था मिलाउने<br>२) सम्मान तथा पदक सिफारिस उप समिति र कार्यक्षेत्र:<br>संयोजक श्री श्यामसुन्दर श्रेष्ठ, वडाध्यक्ष, बनेपा ४<br>सदस्य श्री कमल प्रसाद घिमिरे, वडाध्यक्ष, बनेपा १<br>सदस्य श्री रमेश दाहाल, वडाध्यक्ष, बनेपा ३<br>सदस्य श्री सचितानन्द के.सी., वडाध्यक्ष, बनेपा ६<br>सदस्य श्री शुभलक्ष्मी मानन्धर, वडाध्यक्ष, बनेपा ८<br>सदस्य श्री समिता थापा, कार्यपालिका सदस्य, बनेपा नगरपालिका<br>सदस्य श्री देवराज निरौला, शिक्षा शाखा प्रमुख, बनेपा नगरपालिकाघ<br>सदस्य सचिव श्री ध्रुवराज नेपाल, प्रशासकीय अधिकृत, बनेपा नगरपालिका<br>उल्लेखित समितिले आवश्यकता अनुसार अन्य सदस्य तथा कर्मचारीलाई समितिको सदस्यमा थप गर्न सक्नेछ ।<br>समितिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ ।<br>१. सम्मान तथा पदक (स्थापना तथा वितरण) कार्यविधि, २०७७ ले प्रबन्ध गरे बमोजिमका सम्मान तथा पदक प्राप्त गर्ने व्यक्तित्वहरुको विवरण तयार गरी मिति २०८०।१२।५ गते भित्रमा कार्यपालिकामा सिफारिस गर्ने ।<br>२. सम्मान तथा पदक पाउने व्यक्तिहरुको रोष्टर तयार गर्ने,<br>३. सम्मान तथा पदक वितरणका लागि आवश्यक प्रबन्ध मिलाउने ।<br>३) समारोह स्थल तथा मञ्च व्यवस्थापन उपसमिति देहाय बमोजिमको हुनेछ ।<br>संयोजक श्री शुभलक्ष्मी मानन्धर, वडाध्यक्ष, बनेपा ८<br>सदस्य श्री ज्योति बोगटी, कार्यपालिका सदस्य, बनेपा नगरपालिका<br>सदस्य श्री मनिषा तामाङ, का.वा. वडाध्यक्ष, बनेपा ९<br>सदस्य श्री कृष्णगोपाल वैद्य, वडा सदस्य, बनेपा ५<br>सदस्य श्री विष्णुनारायण श्रेष्ठ, वडा सदस्य, बनेपा ६ |

| नि. नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| | | सदस्य श्री योगेश्वर कायस्थ, वडा सदस्य, बनेपा ८<br>सदस्य श्री चन्दन ह्योजु, इन्जिनियर, बनेपा नगरपालिका<br>सदस्य श्री सुरेशकुमार थापा, सूचना प्रविधि अधिकृत, बनपा नगरपालिका<br>सदस्य श्री विष्णु सुवाल, बनेपा नगरपालिका<br>सदस्य श्री विश्वनाथ भोछिभोया, बनेपा नगरपालिका<br>सदस्य सचिव श्री दिनेश पोखरेल, बनेपा नगरपालिका<br>उल्लेखित समितिले आवश्यकता अनुसार अन्य सदस्य तथा कर्मचारीलाई समितिको सदस्यमा थप गर्न सक्नेछ ।<br>समारोह स्थल तथा मञ्च व्यवस्थापन उपसमितिको कार्य क्षेत्र:<br>१. त्रिचालीसौं स्थापना दिवस समारोह बनेपाको ऐतिहासिक लायकु राजमञ्चमा आयोजना गर्न उक्त मञ्चको मर्मत सम्भार गरी रंगरोगन गर्ने,<br>२. निर्धारण भए बमोजिम मञ्चमा लेख्नु पर्ने परिचय पाटी सहितका विवरण लेख्न लगाउने,<br>३. समारोह स्थलमा हिलो धुलोको अवस्था नरहने गरी दैनिक पानी छर्कने तथा सरसफाईको कार्य गर्ने गराउने,<br>४. मञ्च सहितको समारोह स्थल सजाउनका लागि आवश्यक तोरणहरुको व्यवस्था गरी टाँग्ने व्यवस्था मिलाउने,<br>५. मञ्चमा राख्ने ब्यानर र समारोह स्थलको प्रवेशद्वारमा राख्ने ब्यानरहरुको डिजाइन, प्रकाशन र सम्बन्धित स्थानमा राख्ने व्यवस्था मिलाउने ।<br>६. प्रमुख अतिथिज्यू लगायतका विशिष्ट अतिथिहरुका लागि उपयुक्त आशनको व्यवस्था गर्ने<br>७. पोडियमको व्यवस्था गर्ने र सजाउने व्यवस्था मिलाउने,<br>८. समारोह स्थलमा बस्नका लागि आवश्यक कुर्सीको प्रबन्ध मिलाउने ।<br>९. कार्यक्रमको समाप्ति पछि सबै सामग्रीको उपयुक्त व्यवस्थापन गर्ने ।<br>४) अतिथि सत्कार उपसमितिको गठन देहाय बमोजिम हुनेछ:<br>संयोजक श्री शान्तिरत्न शाक्य, नगर प्रमुख, बनेपा नगरपालिका<br>सदस्य श्री विमला सापकोटा, उपप्रमुख, बनेपा नगरपालिका<br>सदस्य श्री भोलाप्रसाद चापागाई, प्रमुख प्रशासकीय अधिकृत, बनेपा नगरपालिका<br>सदस्य श्री सरिता श्रेष्ठ, कार्यपालिका सदस्य, बनेपा नगरपालिका<br>सदस्य श्री लालकृष्ण तिमल्सिना, वडा सदस्य, बनेपा ६<br>सदस्य श्री सोनी बज्राचार्य, वडा सदस्य, बनेपा ७<br>सदस्य श्री आशिष शर्मा, स्वास्थ्य शाखा प्रमुख, बनेपा नगरपालिका<br>सदस्य श्री गणेश थापा, कृषि शाखा प्रमुख, बनेपा नगरपालिका<br>सदस्य सचिव श्री विजया सुवेदी, बनेपा नगरपालिका<br>उल्लेखित समितिले आवश्यकता अनुसार अन्य सदस्य तथा कर्मचारीलाई समितिको सदस्यमा थप गर्न सक्नेछ ।<br>अतिथि सत्कार उपसमितिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ:<br>१. प्रमुख अतिथि तथा अतिथिहरुको विवरण तयार गर्ने,<br>२. प्रमुख अतिथिका लागि निमन्त्रणा पत्र तयार गर्ने,<br>३. विशिष्ट अतिथि तथा आमन्त्रित व्यक्तित्वहरु निमन्त्रणाका लागि निमन्त्रणा पत्र तयार गर्ने,<br>४. निमन्त्रणा पत्र (कार्ड) समयमै वितरणको प्रबन्ध मिलाउने,<br>५. समारोह स्थलमा रहनुहुने प्रमुख अतिथि तथा विशिष्ठ अतिथिज्यूहरुका लागि बसाईको प्रबन्ध मिलाउने,<br>६. अतिथिहरुको स्वागतका लागि माला, खादा तथा पुष्प गुच्छाको |

| नि. नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| | | व्यवस्था मिलाउने,<br>७. अतिथिहरुका लागि ब्याचको व्यवस्था गरी ब्याच लगाउने प्रबन्ध मिलाउने,<br>८. प्रमुख अतिथि तथा अतिथिहरु समारोह स्थलमा उपस्थित हुँदा गरिने स्वागतको ढाँचा निर्धारण गरी सोही अनुसार मञ्चमा आशन ग्रहणको व्यवस्था मिलाउने, र<br>९. प्रमुख अतिथि र विशिष्ठ अतिथिहरुका लागि जलपानको प्रबन्ध मिलाउने ।<br>५) न्याली व्यवस्थापन उपसमितिको गठन देहाय बमोजिम हुनेछ:<br>संयोजक श्री टुल्कु लामा, वडाध्यक्ष, बनेपा १४<br>सदस्य श्री शुभद्रा बजगाई, कार्यपालिका सदस्य, बनेपा नगरपालिका<br>सदस्य श्री द्रौपदा खत्री, कार्यपालिका सदस्य, बनेपा नगरपालिका<br>सदस्य श्री राधाकृष्ण महत, वडा सदस्य, बनेपा १<br>सदस्य श्री सागर मानन्धर, वडा सदस्य, बनेपा ५<br>सदस्य श्री रामप्यारी श्रेष्ठ, वडा सदस्य, बनेपा ७<br>सदस्य श्री पार्वती विक, वडा सदस्य, बनेपा<br>सदस्य श्री संगम भुजेल, योजना शाखा प्रमुख, बनेपा नगरपालिका<br>सदस्य श्री शान्ता कुँवर, प्रधानमन्त्री रोजगार कार्यक्रम सहजकर्ता<br>सदस्य सचिव श्री विना ख्याजु,आलेप अधिकृत बनेपा नगरपालिका<br>उल्लेखित समितिले आवश्यकता अनुसार अन्य सदस्य तथा कर्मचारीलाई समितिको सदस्यमा थप गर्न सक्नेछ ।<br>न्याली व्यवस्थापन उपसमितिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ:<br>१. समारोहमा सहभागि हुने सांस्कृतिक समूह, झाँकी तथा विद्यालयहरुको विवरण रचनात्मक क्रियाकलाप तथा सांस्कृतिक कार्यक्रम व्यवस्थापन उपसमिति मार्फत प्राप्त गरी समारोह स्थलमा रहनका लागि आवश्यक क्षेत्र निर्धारण गर्ने,<br>२. नगर परिक्रमा स्थल एकिन गरी गराई सोही अनुसार नगर परिक्रमाका लागि सहभागि सांस्कृतिक समूह, झाँकी तथा विद्यालयहरुको रोष्टर तयार गर्ने,<br>३. तोकिएको रोष्टर कार्यक्रम सञ्चालकलाई उपलब्ध गराई सोही अनुसार नगर परिक्रमाको प्रबन्ध मिलाउने ।<br>४. नगर परिक्रमा पछि समारोह स्थलमा बस्नका लागि आवश्यक स्थान एकिन गरी सोही अनुसार रहने बस्ने व्यवस्था मिलाउने ।<br>६) आर्थिक व्यवस्थापन उपसमितिको गठन देहाय बमोजिम हुनेछ:<br>संयोजक श्री हिटलर शाक्य, वडाध्यक्ष, बनेपा ७<br>सदस्य श्री लक्ष्मण दाहाल, वडा सदस्य, बनेपा ३<br>सदस्य श्री शुशिला थापा, वडा सदस्य, बनेपा १०<br>सदस्य सचिव श्री विनोद हुमागाई, बनेपा नगरपालिका<br>उल्लेखित समितिले आवश्यकता अनुसार अन्य सदस्य तथा कर्मचारीलाई समितिको सदस्यमा थप गर्न सक्नेछ ।<br>आर्थिक व्यवस्थापन उपसमितिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ:<br>१. त्रिचालीसौं स्थापना दिवस भव्यताका साथ सम्पन्न गर्न निर्धारित कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक रकमको व्यवस्था गरी खर्च गर्ने प्रबन्ध मिलाउने,<br>२. समारोहका लागि भएको खर्चको छुट्टै अभिलेख राख्ने ।<br>७) जलपान व्यवस्थापन उपसमितिको गठन देहाय बमोजिम हुनेछ:<br>संयोजक श्री कमल प्रसाद घिमिरे, वडाध्यक्ष, बनेपा नगरपालिका १<br>सदस्य श्री विक्रम भुजेल, कार्यपालिका सदस्य, बनेपा नगरपालिका |

| नि. नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| | | सदस्य श्री साधुराम घिमिरे, वडा सदस्य, बनेपा २<br>सदस्य श्री रेशम नेपाली, वडा सदस्य, बनेपा ४<br>सदस्य श्री रमेश साही, वडा सदस्य, बनेपा ९<br>सदस्य श्री नारायण रावल, वडा सदस्य, बनेपा १२<br>सदस्य श्री उत्तम के.सी., वडा सदस्य, बनेपा १४<br>सदस्य श्री विशाल विक्रम कायस्थ, जिन्सी शाखा प्रमुख, बनेपा नगरपालिका<br>सदस्य सचिव श्री विनोद हुमागाई, बनेपा नगरपालिका<br>उल्लेखित समितिले आवश्यकता अनुसार अन्य सदस्य तथा कर्मचारीलाई समितिको सदस्यमा थप गर्न सक्नेछ ।<br>जलपान व्यवस्थापन उपसमितिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः<br>१. समारोहमा उपस्थित रहने सहभागिहरुको संख्या एकिन गर्ने,<br>२. सहभागि संख्याका आधारमा निर्धारित खाजा र पानीको व्यवस्था मिलाउने,<br>३. समारोहमा उपस्थित हुने सहभागिहरुमा खाजा वितरणका लागि कार्यालयका कर्मचारी, विद्यालयबाट सहभागी हुने विद्यार्थीहरु र अन्य सहभागिहरुका लागि छुट्टाछुट्टै रङ्का कुपन तयार गरेर राख्ने,<br>४. नगर परिक्रमा पश्चात उपस्थित सहभागिहरुमा कुपन वितरणको व्यवस्था मिलाउने,<br>५. समारोहको समाप्ति पछि सबै सहभागिहरुले खाजा लिन सहज हुने गरी खाजाका स्टलहरुको व्यवस्था मिलाउने,<br>६. समारोह स्थलमा वितरणका लागि आवश्यक पानी बोतल/जारको व्यवस्था मिलाई वितरणको प्रबन्ध मिलाउने,<br>७. प्रयोग भइसकेका खाजाका प्याकेट तथा पानीका बोतल संकलनको व्यवस्था मिलाई फोहोर ढुवानी गर्ने सवारी साधनमा राख्ने व्यवस्था मिलाउने । |
| ३ | योजना सम्बन्धमा | |
| | क) योजनाको म्याद थप | चालु आ.व. २०८०।०८१ मा स्वीकृत भई सञ्चालनमा रहेका तपसिल बमोजिमका योजनाहरु सम्पन्नताको चरणमा रहेकाले देहाय बमोजिम म्याद थप गर्ने निर्णय गरियो । |

| क्र.सं. | फर्मको नाम | योजनाको नाम | म्याद थप हुने मिति |
|---|---|---|---|
| १. | श्री लुक्ला ड्रिलिङ एण्ड कन्स्ट्रक्सन | सिनागाल खानेपानी योजना, बनेपा-११ | २०८१ वैशाख मसान्तसम्म |
| २. | श्री ज्ञानज्योति/कोशिल बस्नेत/प्रडेज जेभी | शान्तिपार्क निर्माण, बनेपा-११ | २०८० फागुन मसान्तसम्म |
| ३. | श्री खाने/सि.एम./क्षितिज जेभी | चण्डेश्वरी सिँढी निर्माण, बनेपा-५ | २०८० फागुन मसान्तसम्म |
| ४. | श्री एच.आर. बि. कन्स्ट्रक्सन | जनागाल बृहत खानेपानी आयोजना, बनेपा-१० | २०८० फागुन मसान्तसम्म |
| ५. | सारस/एस. एस.एन. | पुलबजार टिमुरेचौर कृषि सडक, बनेपा-१० | २०८० फागुन मसान्तसम्म |

| | | |
|---|---|---|
| | ख) हिमालय मा.वि. पछाडीको वाल मर्मत | बनेपा नगरपालिका वडा नं. ५ को पत्रानुसार उक्त वडा अन्तर्गत हिमालय मा.वि. पश्चिम तर्फको बाटोमा लगाएको वाल भत्किएकाले मर्मत गर्न भनि लेखि आएको सम्बन्धमा छलफल गर्दा प्राविधिक बाट भएको ल.इ. बमोजिमको कार्य विपद् व्यवस्थापन शीर्षकबाट खर्च हुने गरी मर्मत गर्ने व्यवस्था मिलाउने निर्णय गरियो । |
| | ग) योजना | बनेपा नगरपालिका वडा नं. ६ को पत्रानुसार चालु आ.व. २०८०।०८१ को नगर स्तरीय |

| नि. नं. | छलफलका विषय | निर्णय |
| --- | --- | --- |
| | संसोधन | योजना अन्तर्गतको "स्टिल उड जाने बाटो अरनिको राजमार्ग सहायक माग" शीर्षकमा विनियोजित रु. ५,००,०००। "अधुरो रहेको भिमसेन मार्ग" शीर्षकको योजनाका लागि विनियोजन हुने गरी योजना संसोधंन गर्ने निर्णय गरियो । |
| ४. | राष्ट्रिय भूमि आयोगको प्रयोजनका लागि सहजिकरण समिति गठन बारे | राष्ट्रिय भूमि आयोगको मिति २०८०।११।१ च.नं. ४३८ को पत्र समेतका आधारमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन गर्ने सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ को उपदफा (१) र (२) बमोजिम देहाय बमोजिमका समिति गठन गर्ने निर्णय गरियो ।<br>(क)स्थानीय तह स्तरीय भूमिहीन तथा अव्यवस्थित सबोबास व्यवस्थापन सहजिकरण समिति:<br>संयोजक :श्री शान्तिरत्न शाक्य, नगर प्रमुख, बनेपा नगरपालिका<br>उपसंयोजक :श्री विमला सापकोटा, उपप्रमुख, बनेपा नगरपालिका<br>सदस्य : क्रियाशील राष्ट्रिय मान्यता प्राप्त राजनैतिक दलका नगर समितिले तोकेका प्रतिनिधि एक एक जना<br>सदस्य : दलित अल्पसंख्यकका तर्फबाट श्री<br>: महिला तर्फबाट श्री<br>सदस्य : क्रियाशील किसान, सुकुम्बासी, भूमि, बसोबास लगायतका क्षेत्र वा नागरिक समाजका तर्फबाट–<br>श्री<br>श्री<br>श्री<br>सदस्य सचिव :श्री भोलाप्रसाद चापागाई, प्रमुख प्रशासकीय अधिकृत, बनेपा नपा<br>उल्लेखित समितिमा रिक्त रहेका सदस्यका हकमा समितिको बैठकबाट निर्णय गरी पदपूर्ति गर्नुपर्ने छ ।<br>(ख) कार्यविधि बमोजिम गठन हुने वडा स्तरीय भूमिहीन तथा अव्यवस्थित सबोबास व्यवस्थापन सहजिकरण समिति सम्बन्धित वडाले तत्कालै गठन गरी सो को जानकारी नगरपालिकामा यथाशीघ्र उपलब्ध गराउने । |
| ५. | जग्गा विकास तथा हाउजिङ प्लानिङ कार्यविधि संसोधन सम्बन्धमा | बनेपा नगरपालिकाको साविक बनेपा नगरपालिकाको जग्गा विकास (प्लानिङ) तथा हाउजिङ्क निर्माण सम्बन्धी निर्देशिका, २०७९ मा संसोधन गर्ने भनि नगर कार्यपालिकाको मिति २०८०।९।१३ को बैठकबाट निर्णय भएकोमा उक्त निर्देशिकामा व्यापक संसोधन हुने भई साविकको उक्त कार्यविधि खारेज गरी स्थानीय राजपत्रको खण्ड ६ संख्या ६ मिति २०८०।९।२० मा बनेपा नगरपालिकाको जग्गा विकास (प्लानिङ) तथा हाउजिङ्क निर्माण सम्बन्धी निर्देशिका, २०८० प्रकाशन गरिएको व्यहोरा अनुमोदन गरियो । |
| ६. | आगामी वर्षालाई मध्य नजर गरी खोला सुधार गर्ने सम्बन्धमा | बनेपा नगरपालिका क्षेत्रभित्र विशेषत वर्षातको समयमा डुबानको समस्या ल्याउने पुण्यमाता खोलामा थुप्रिएको माटो हटाई पानीको बहाब बढाउन आवश्यक हुने भएकाले आगामी वर्षातको समय अगाडी नै सडक विभागमा अनुरोध गरी प्राप्त भएको स्काभेटरमा लाग्ने इन्धन र चालकको खर्च नगरपालिकाले व्यहोर्ने गरी खोला सुधारको कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो । |
| ७. | नगपालिकाबाट सिफारिस हुने लिखतको कन्सुलर प्रमाणिकरण सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।८।१६ च.नं. १७५ को पत्रसाथ संलग्न कन्सुलर सेवा विभागको मिति २०७७।८।१४ च.नं. ७७१००८७ र केन्द्रीय पञ्जिकरण विभागको मिति २०७४।२।३ च.नं. १०१७ को पत्र समेतका आधारमा बनेपा नगरपालिका अन्तर्गतका वडाबाट हुने जन्म दर्ता, नाता प्रमाणित लगायतका सिफारिसहरु प्रमाणिकरणका लागि यस कार्यालयका प्रशासकीय अधिकृत श्री ध्रुवराज नेपाललाई अख्तियारी दिई भई रहेको कार्यान्वयन अनुमोदन गरी अर्को व्यवस्था नभएसम्म उक्त कार्य निजबाटै सम्पादन गर्ने निर्णय गरियो । |
| ८. | घ वर्गको निर्माण व्यवसायी | बनेपा नगरपालिका घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ बमोजिम घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्राप्तिका लागि यस कार्यालयमा आवेदन गर्ने चौतारा साँगाचोकगढी नगरपालिका ४, सिन्धुली बस्ने प्रतिमा आचार्य |

| नि. नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| | इजाजतपत्र सम्बन्धमा | सापकोटा समेत सञ्चालक भई बनेपा नगरपालिका वडा नं. ७ मा कार्यालय रहने गरी दर्ता भएको प्रतिक प्रकृति बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. का नाममा घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो । |
| ९. | माटो कटान तथा निकासी सम्बन्धमा | बनेपा नगरपालिका क्षेत्रभिका गैरखानी क्षेत्रबाट माटो कटान गरी निकासी गर्न माग भइ आएका सम्बन्धमा छलफल गर्दा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०७९।१२।१२ को बैठकबाट भएको नीतिगत निर्णय अनुरुप देहाय बमोजिम गर्ने निर्णय गरियो ।<br>१. सार्वजनिक वा सरकारी जग्गामा रहेको माटो कटान र निकासी गर्न नपाउने,<br>२. माटो निकासी गरिने स्थानसम्म कम्तीमा पाँच मिटर चौडाई भएको पहुँचमार्ग रहेको हुनुपर्ने र त्यस्तो मार्ग उपयोग गर्दा स्थानीय उपभोक्तामा कुनै असर पर्न नहुने,<br>३. माटो निकासी गर्दा लाग्ने बागमती प्रदेश सरकारको आर्थिक ऐन बमोजिम निर्धारित शुल्क र बनेपा नगरपालिकाले निर्धारण गरेको सडक स्तरोन्नती शुल्क अग्रिम दाखिला गरेको हुनुपर्ने,<br>४. माटो कटान तथा निकासीका लागि प्रयोग गरिने जग्गाको जग्गाधनीसँगको लिखित सहमति पत्रका साथै त्यस्तो जग्गाको साँधमा रहेको निजी, सार्वजनि वा सरकारी जग्गामा असर नपर्ने गरी आवश्यक जग्गा छोडेको हुनुपर्ने र साँधको जग्गामा कुनै क्षति पुग्ने अवस्था भएमा सोको रोकथामको उचित प्रबन्ध मिलाईएको हुनुपर्ने,<br>५. माटो निस्कासन समय बेलुका ९:०० बजे देखि रातको १२:०० बजेसम्ममात्र हुनपर्ने । |
| १०. | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताका लागि सहयोग | काभ्रेपलाञ्चोक खेलकुद विकास समितिको मिति २०८०।८।१९ च.नं. २७ को पत्रबाट यसै वर्ष पुष २७ देखि २९ सम्म हुने राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालनका लागि आर्थिक सहयोग माग भएका सम्बन्धमा छलफल हुँदा सो प्रयोजनका लागि रु. १,००,०००। (एक लाख) सहयोग गर्ने निर्णय गरियो । |
| ११. | पूर्ण स्वास्थ्य विज्ञान कार्यक्रमका लागि सहयोग | जीवन विज्ञान परिषद, काभ्रेको मिति २०८०।१०।२८ च.नं. १० को पत्रबाट उक्त परिषदको तत्वावधानमा मिति २०८०।११।१२ का दिन आयोजना हुने पूर्ण स्वास्थ्य विज्ञान कार्यक्रम सञ्चालनका लागि सहयोग माग भई आएका सम्बन्धमा छलफल हुँदा सो प्रयोजनका लागि रु. ४०,०००। (चालीस हजार) सहयोग गर्ने निर्णय गरियो । |
| १२. | विविध | |
| क. | का.स. श्यामकृष्ण श्रेष्ठको सेवा अवधि बारे | यस कार्यालयमा कार्यरत रही मिति २०८०।१०।१४ मा अनिवार्य अवकास भएका का.स. श्री श्यामकृष्ण श्रेष्ठको व्यक्तिगत फायलमा निजको सुरु नियुक्ति पत्र संलग्न नरहेको र निज स्वयमसँग पनि सुरु नियुक्ति पत्र सुरक्षित नरहेको तर फायल संलग्न अन्य कागजातबाट निज मिति २०४२ साल मंशिर २० मा अस्थायी नियुक्ति पाई कार्यरत रहेकै अवस्थामा मिति २०५८ साल जेष्ठ ४ गतेबाट सोही पदमा स्थायी नियुक्ति पाई कार्यरत रहेको देखिएको हुँदा फायल संलग्न अन्य कागजातका साथै निजले २०४२ साल मंशिर महिनाबाट तलब बुझेको तलवी भरपाई समेत सक्कलै प्राप्त भएको देखिदा निजको अस्थायी नियुक्ति मिति २०४२ साल मंशिर २० गते कायम गरी निजले पाउने सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो । |
| ख. | कार्यविधि स्वीकृत गर्ने सम्बन्धी | बनेपा नगरपालिकाका लागि मस्यौदा भई विधायन समितिको सिफारिस सहित पेश भएका तपसिल बमोजिमका कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।<br>१) बाल अधिकार संरक्षण तथा सम्बर्धन सम्बन्धी कार्यविधि, २०८०<br>२) स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८० |
| ग. | सूचना प्रविधि अधिकृतको स्तर वृद्धि सम्बन्धमा | बागमती प्रदेश, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, प्रादेशीक कार्यक्रम कार्यान्वयन इकाईको मिति २०८०।११।१६ को पत्रबाट बनेपा नगरपालिका कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृत श्री शुरेश कुमार थापा विगत ९ वर्ष देखि अधिकृत छैठौं तहमा कार्यरत रहेको र निजको पदका लागि आवश्यक न्युनतम शैक्षिक योग्यता रहनुका साथै कार्यकुशलता समेत रहेकाल प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमलाई थप आर्थिक भार नपर्ने गरी निजलाई अधिकृत स्तर सातौं तहमा करार |

| नि. नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| | | सेवामा सम्झौता गरी सेवा करारमा राख्न सक्ने भनि लेखि आएकाले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमबाट उपलब्ध हुने रकममा नपुग हुने रकम नगरपालिकाले व्यहोर्ने गरी मिति २०८० साल चैत्र १ गते देखि लागु हुने गरी अधिकृत सातौ तहले पाउने सेवा सुविधा पाउने गरी करार नविकरण गर्ने निर्णय गरियो । |
| घ. | नगर विकास कोषबाट विवरण माग सम्बन्धमा | नगर विकास कोषको मिति २०८०।११।८, च.नं. १०२३ को पत्रबाट बनेपा नगरपालिकाले प्रस्तावित गरेको जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सम्भाव्यता अध्ययन प्रयोजनार्थ प्राविधिक सहयोगको प्रक्रिया अगाडी बढाउन निर्णय सहितका विवरण माग भएका सम्बन्धमा छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय गरियो ।<br>१. बनेपा नगरपालिका क्षेत्र भएर बहने पुण्यमाता नदी दायाँवायाँ जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सम्भाव्यता अध्ययनका लागि यस नगरपालिकाबाट भएको अनुरोध अनुमोदन गरी उक्त जग्गा विकास कार्यक्रम सञ्चालन गर्न आवश्यक सम्भाव्यता अध्ययनका लागि उक्त कोषको प्राविधिक सहयोग लिई प्रक्रिया अगाडी बढाउने ।<br>२. कोषको उल्लेखित पत्रसाथ संलग्न ढाँचामा उल्लेखित विवरण उपलब्ध गराउने । |
| ङ. | भगिनी सम्बन्ध स्थापना संझौता अनुमोदन सम्बन्धी | पाँचपोखरी थाङ्पाल गाउँपालिका र बनेपा नगरपालिका बिच भगिनी सम्बन्ध स्थापना गर्ने गरी मिति २०८० साल फागुन १२ गते भएको संझौता अनुमोदन गर्ने निर्णय गरियो । |
| च. | तुल्टीफाँट जग्गा विकास सम्बन्धमा | बनेपा नगरपालिका अन्तर्गत शहरी तथा वातावरणीय सुधार परियोजनाको तत्वावधानमा सम्पन्न भएको तुल्टी फाँट जग्गा विकास कार्यक्रम अन्तर्गत एकीकरण भएका जग्गाका जग्गाधनीहरु मध्ये आयोजनाबाट जग्गा फिर्ता पाउन बाँकी जग्गाधनीहरुलाई फिर्ता दिनु पर्ने जग्गाको पूर्जा उपलब्ध गराउने क्रममा लाग्ने रजिष्ट्रेशन दस्तुर तथा लाभ कर नलिने व्यवस्थाका लागि मालपोत कार्यालय, काभ्रेपलाञ्चोकमा अनुरोध गर्ने निर्णय गरियो । |
| छ. | भैंसेपाटी बाँसडोल सडक निर्माणका लागि पूनः टेण्डर गर्ने बारे | बनेपा नगरपालिका वडा नं. १२ मा पर्ने भैंसेपाटी बाँसडोल सडक निर्माणका लागि साविकमा संझौता गरिएको आत्रेय/शिवाको/बस्नेत जे.भी. निर्माण सेवासँगको संझौता भङ्ग गरी कालो सूचीमा राख्ने निर्णय भई कार्वाहीका क्रममा रहेका कारण उक्त सडकको निर्माण कार्य अलपत्र पर्ने अवस्था रहेकाले बाँकी कार्य सम्पन्न गर्न तत्कालै विद्युतीय प्रक्रिया मार्फत टेण्डर आह्वानको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । |
| ज. | आधारभूत अस्पताल, बनेपा ५ को सुरक्षा सम्बन्धमा | बनेपा नगरपालिका वडा नं. ५ मा रहेको आधारभूत स्वास्थ्य अस्पताल भवनमा चोरी भई क्षति हुने गरेकाले कार्यालय भवन सुरक्षाका लागि लाग्ने लागत स्टिमेट तयार गरी आवश्यक प्रबन्ध मिलाउने निर्णय गरियो । |
| झ. | कार्यालय सहयोगी नियुक्ति सम्बन्धमा | बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०७९।१२।१२ को बैठकबाट ***कार्यालय सहयोगी रिक्त रहेका वडा कार्यालय तथा स्वास्थ्य चौकीका हकमा सम्बन्धित वडा कार्यालयले प्रतिस्पर्धा गराई करार सेवामा कार्यालय सहयोगी राख्ने व्यवस्था मिलाउने*** भनि भएको निर्णय कार्यान्वयन गर्दा प्रचलित कानूनले निर्धारण गरेका आवश्यक प्रक्रिया पुऱ्याएर मात्र उल्लेखित बमोजिमको निर्णय कार्यान्वयन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो । |
| ञ. | आर्थिक सहयोग सम्बन्धमा | देहायमा उल्लेखित व्यक्ति/संस्थाले तपसिल बमोजिमका प्रयोजनका लागि आर्थिक सहयोग माग गरि दिएका निवेदन उपर छलफल हुँदा निम्नानुसार सहयोग गर्ने निर्णय गरियो । |

| क्र.सं. | व्यक्ति/संस्थाको नाम | प्रयोजन | सहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | श्री सम्झना सापकोटा, बनेपा-२ | थाइराइड रोगको उपचार | २०,०००। | |
| २. | श्री लक्ष्मी बजगाई, बनेपा-३ | घर गोठ आगलागी | ५०,०००। | |
| ३. | श्री राममान श्रेष्ठ, बनेपा-१३ | नवदुर्गा भवानी देवगण व्यवस्थापन | २५,०००। | |
| ४. | श्री रोमन श्रेष्ठ, बनेपा-७ | काटिएको खुट्टाको उपचार | २०,०००। | |